तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आज मिति २०८१ साल आश्विन २० गते बिहान ८:३० बजे तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री नारायण अर्याल | |

२०८१/०६/२०

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या:६/२०८१/०८२/ (१६६) मितिः २०८१/०६/२० गते ।

प्रस्तावहरु

१. विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल संम्वतको उपलक्ष्यक्षमा शुभकामना आदान-प्रदान सम्वन्धमा ।

२. सडक तथा भवन मापदण्ड निर्माण समिति गठन सम्वन्धमा ।

३. विविध ।

रामकृष्ण खाण
नगर प्रमुख

CS CamScanner

## निर्णयहरु

निर्णय नं.-१

नेपालीहरुको महान पर्वहरु विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व, २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई, तथा दिदीवहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने तथा उल्लेखित पर्वहरुका शुभकामना सन्देशहरु नगरपालिकाको आधिकारिक वेवसाइट, फेसबुक पेज तथा स्थानीय संचारका माध्यमहरुमा प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

तिलोत्तमा  नगरपालिका नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूची ३ ग.८ मा उल्लेखित वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी कार्यमा आवश्यक सहजीकरण गर्न देहायको सदस्यहरुको रहेको सहजीकरण समिति गठन गरि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

देहायः

**योजना/सडक तथा भवन निर्माण सहजीकरण समिति**

१. संयोजकः श्री गणेश पाठक (वडा नं ६- वडाध्यक्ष)

२. सदस्यः श्री कृष्ण प्रसाद पौडेल (वडा नं ८- वडाध्यक्ष)

३. सदस्यः श्री झविलाल भासल (वडा नं १६- वडाध्यक्ष)

४. सदस्यः श्री देवी प्रसाद पंगेनी (वडा नं ७- वडाध्यक्ष)

५. सदस्यः श्री  डिल वहादुर भट्टराई (वडा नं २- वडाध्यक्ष)

६. सदस्यः श्री धुर्व न्यौपाने (वडा नं ९- वडाध्यक्ष)

७. सदस्यः श्री रमेश डुम्रे (वडा नं ५- वडाध्यक्ष)

८. सदस्यः श्री खेमराज गुरुङ (वडा नं १५- वडाध्यक्ष)

९. सदस्यः श्री बिष्णु वहादुर वराल (वडा नं ११- वडाध्यक्ष)

१०. सदस्यः श्री लक्ष्मी घिलेः कार्यपालिका सदस्य

११. सदस्यः श्री प्रदिप वन (व.ईन्जिनियर)

१२. सदस्य-सचिवः श्री मनिस खनाल (व.ईन्जिनियर)

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

निर्णय नं.-३ विविध ।

३.क) तिलोत्तमा नगरपालिका १३ नं. वडा कार्यालयको प. स. २०८१/०८२, च. न. ५१६ मिति २०८१/०६/१८ गतेको सिफारिस पत्र एवं वडा समितिको सोहि मितिको निर्णयानुसार मडाहा स्थित उत्तर देव वहादुर थापा, दक्षिण सोहित थारु, पूर्व- पदम वहादुर थापा र पश्चिम हरिलाल गुसाको चौकिल्लामा रहेको ०-७-० (सात कठ्ठा) क्षेत्रफल वरावरको सार्वजनिक जग्गामा आधारभूत स्वास्थ्य चौकी निर्माणको लागि संघीय सरकार स्वास्थ्य मन्त्रालय रामशाह पथ काठमाडौलाई अनुरोध गर्ने निर्णय गरियो ।

३.ख) तिलोत्तमा नगरपालिका वडा नं. ५ मा कार्यालय रहेको टाईगर फरेष्ट होटल प्रा. लि. का संचालक मिनराज भुसाल र टाईगर भिलेज होटल प्रा.लि का संचालक प्रकाश भुसालले मिति २०८१/०५/२८ गते यस कार्यालयमा पेश गरेको निवेदन एवं तिलोत्तमा नगरपालिका, १३ नं. वडा कार्यालयको प. स. २०८१/०८२, च. न. ४५८ मिति २०८१/०६/१को पत्र अनुसार तिलोत्तमा नगरपालिका वडा नं.१३ साविक टिकुलीगढ गा.वि.स. वडा नं. ९ घ कित्ता नं. २०८, २२६, ३६८, २८०, ४२३, ४२६, २४९, २५०, २५१, २५२ र २५३ (कूल २-१०-१९ विगाह) र १५ नं. वडा कार्यालयको प. स. २०८१/०८२, च. न. ६११ मिति २०८१/०६/१ को पत्र अनुसार तिलोत्तमा नगरपालिका वडा नं. १५ साविक टिकुलीगढ गा.वि.स. वडा नं. ९घ कित्ता नं. ४३८ र साविक मधवलिया ४ ख कित्ता नं. ८१०, ८१२, ८१४ र ७७६(क्षेत्रफल ०-१०-१३ विगाह) क्षेत्रफल जग्गा खरिद गरि उत्पादन तथा रोजगारीमूलक उद्योग संचालन गर्ने भनि उक्त प्रकृतिको उद्योग संचालन गर्न जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस माग भई आएकोमा लुम्विनी प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन, २०८१ (प्रदेश राजपत्र भाग-१, २०८१/०३/३०) वमोजिम नेपालको प्रचलित कानून वमोजिम छुट दिनको लागि मालपोत कार्यालय भैरहवा, रुपन्देहीलाई सिफारिस गरिदिने निर्णय गरियो ।

३.ग) श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मानव संसाधन योजना शाखा) को पत्र संख्याःमा.स.यो.शा.४०८-२०८१/०८२ को च.न.२३२ मिति २०८१/०६/१३ को JDS 2025 छात्रवृत्तिका लागि निवेदन आव्हान सम्वन्धी सूचना अनुसार The Project for Humam Resource Development Scholarship by Japanese Grant Aid, JDS 2025, कार्यक्रममा अध्ययनका लागि यस नगरपालिकाका देहायको विवरण भएका कर्मचारीहरुलाई मनोनयनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

देहायः

| नाम थर | पद | सुरु नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समुह/उपसमूह | संकेत नं. | समायोजन भएको तह |
|---|---|---|---|---|---|---|
| श्री नारायण अर्याल | प्रमुख प्रशासकीय अधिकृत, उपसचिव (रा.प.द्वितिय श्रेणी) | २०६९/१०/०४<br>२०७७/१०/१४ | तिलोत्तमा नगरपालिकाको कार्यालय | नेपाल प्रशासन/ सामान्य प्रशासन | २०१७४६ | - |
| **अध्ययन गर्न चाहेको तह** | | **अध्ययन गर्न चाहेको विषय** | **अध्ययन गर्न चाहेको विश्वविद्यालय** | **हालको शैक्षिक योग्यता/ बिषय** | **इमेल ठेगाना, मोबाइल नं.** | |
| Doctorial Degree (विद्यावारिधी) | | - | - | स्नातकोत्तर/जनप्रशासन,राजनिति शास्त्र | aryalnarayan1031@gmail.com/ 9851185878 | |

| नाम थर | पद | सुरु नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समुह/उप समूह | संकेत नं. | समायोजन भएको तह |
|---|---|---|---|---|---|---|
| श्री रमेश वस्याल | लेखा अधिकृत, (रा.प.तृतीय श्रेणी) | २०७०/०९/२८<br>२०७५/०७/०४ | तिलोत्तमा नगरपालिकाको कार्यालय | नेपाल प्रशासन/ लेखा | २०५५०३ | स्थानीय तह |
| **अध्ययन गर्न चाहेको तह** | | **अध्ययन गर्न चाहेको विषय** | **अध्ययन गर्न चाहेको विश्वविद्यालय** | **हालको शैक्षिक योग्यता/ विषय** | **इमेल ठेगाना, मोबाइल नं.** | |
| Master's Degree | | - | - | स्नातकोत्तर/ भौतिक विज्ञान (M.sc/ Physics | raboasis@gmail.com/9857017681 | |

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

३.घ) संयुक्त राज्य अमेरिकाको The City of Euless को निमन्त्रणामा वुद्ध सर्किट सडकका नगरपालिकाहरुको अन्तराष्ट्रिय स्तरमा धर्म, संस्कृति र धार्मिक सम्पदाहरुको प्रवर्धन गर्न तथा उल्लेखित वुद्ध सर्किट सडकमा रहेका नगरपालिकाहरु र Euless City, Bedford City तथा Irving City, Texas, USA बीच विकासका अनुभवहरु आदान-प्रदान गर्न सन् २०२५ फ्रेवुअरीमा आयोजित कार्यक्रममा यस तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नारायण अर्याललाई औपचारिक निमन्त्रणा प्राप्त भएको तथा उक्त कार्यक्रमको सम्पूर्ण खर्च संयुक्त राज्य अमेरिकाको Indreni Cultural Assocation र गैर आवाशिय नेपाल संघ (NARA) ले व्यहोर्ने व्यहोराको पत्र समेत Indreni Cultural Aaaociations, 3801, Eugene CT South, Irving Texas 75062 बाट प्राप्त भएकाले उल्लेखित कार्यक्रममा नेपाल सरकार तथा तिलोत्तमा नगरपालिकाको कुनै पनि आर्थिक दायित्व नपर्ने गरी यस तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत (उपसचिव,रा.प.द्वितिय श्रेणी) श्री नारायण अर्याललाई सहभागी हुन स्वीकृती प्रदान गर्ने तथा निजको अध्ययन भ्रमण स्वीकृतिका लागि नेपाल सरकार श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई साथै औपचारिक भिसा सहजिकरणका लागि श्री परराष्ट्र मन्त्रालय र U.S. Embassy in Nepal, Kathmandu लाई सिफारिस गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख